# तामाङ जातिको बीसबर्षे विकाससम्बधी अवधारणा

प्रस्तोता : परशुराम तामाङ

**१.० बिषय प्रवेश :** तामाङ जाति हिमालय पर्वतको मध्यवर्ती खण्डको एक प्रमुख आदिवासी जाति हौं । यस क्षेत्रका आधुनिक राज्यहरुको राजनैतिक सीमा रेखाहरु कोरिएपछि तामाङहरु नेपाल, भारत, भुटान, म्यानमार ( बर्मा) र तिब्बत (चीन) आदि देशहरुमा बाँडिएका छन् । नेपालमा शाह र राणाशासकहरुको दमनविरोधी प्रतिरोध युद्धमा हार भएका कारणले ठूलो संख्यामा तामाङहरु अन्यत्र लागे । अहिले तामाङहरु नेपालमा करिव २०-२५ लाख, भारतमा १० लाख, भूटानमा २५-३० हजार, वर्मा र तिब्बतमा १५-२५ हजारको संख्यामा होलान्, भन्ने अनुमान गरिन्छ । वर्तमान अवस्थामा आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापन, जनसंख्या विस्तार र बसाईँसराई, बाह्य सांस्कृतिक अतिक्रमण, भेदभाव, भूमण्डलीकरण, शहरीकरण आदि कारणले तामाङहरु विश्वको विभिन्न कुनामा बढ्दो मात्रामा फैलिने क्रममा देखिन्छन् । यी विभिन्न मुलुकहरुमा छरिएर रहेका तामाङहरुको स्थिति सन्तोषजनक र समान छन् तर जहाँ रहेपनि एउटा कुरामा समान छन् - त्यो हो तामाङहरु मूलप्रवाह भन्दा बाहिर छन् र सिमान्तकृत छन् । यो स्थितिमा गुणात्मकरूपमा परिवर्तन ल्याउनु तामाङहरुले आफ्नो समुदायको विकासको अवधारणा र योजना तयार गर्नु जरूरी छ । यस लेखमा नेपालमा बसोवास गर्ने तामाङहरुको स्थितिलाई हेरेर तामाङ जातिको विकासको दीर्घकालीन सोच प्रस्तुत गरिएको छ ।

२.० तामाङ जातिको वर्तमान स्थिति :

**क) जनजातिहरुको विकासको तुलनात्मक वर्गिकरणमा तामाङको स्थिति :** नेपालका आदिवासी जनजातिहरु घुमन्ते जीवन विताउने राउटेदेखि शहर बजारमा बसोवास गर्ने नेवारसम्म पर्दछन् । सर्वांङगीण विकास अध्ययन केन्द्र ( सबिअके) ले ब्रिटिश सरकारको वैदेशिक सहयोग विभागको सहयोगमा तयार पारेको दशौं योजनामा जनजाति विकास कार्यक्रमसम्वधी प्रतिवेदन, नेपाल जनजाति महासंघलले सरकारी उच्चस्तरीय आरक्षण समितिलाई दिएको वर्गीकरणको सूची र विश्व बैंक र ब्रिटिश सरकारको अन्तर्राष्ट्रिय सहयोग

**तालिका नं. १: सापेक्षित विकासका आधारमा आदिवासी/जनजाति वर्गीकरण**

| श्रेणी | सविअकेक | नेजम. | जिएसइए.(पहूँच संकेतको व्यक्तिगत आधारमा) |
|---|---|---|---|
| १.संकटापन्न समूह (Endangered Group) | (१) वनकरिया, (२) कुसुण्डा, (३) कुशवाडिया, (४) राउटे, (५) सुरेल, (६) हायु, (७) राजी, (८) किसान, (९) लाप्चा, (१०) मेचे | कुसुण्डा, वनकरीया, राउटे, सेुल, हायू, राजी, किसान, लेप्चा,मेचे, कुशवाडिया | (०-२०) चभार, दुसाँध, मुसहर |
| २.अति सीमान्तकृत समूह (Highly Marginalised Group) | | माझी, सियार, लोमी, थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), झाँगड, थामी, वोटे, दनुवार, वरामु | (२०-४०) सार्की, भुजेल,धोवी, माझी, यादव, थारु, धानुक, राजवंशी चेपाङ, केवती सतार, |
| ३. सीमान्तकृत समूह (Marginalised Group) | | सुनुवार, थारु, ***तामाङ,*** भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरीया, पहरी, तोप्के गोला, डोल्पो, फ्री, मुगाल, लार्के, लोहपा, दुरा, वालुङ | ४०-६०) तेली लिम्बु याख्खा, मगर, यादव शेर्पा, भोटे, गाइने, ***तामाङ,*** थारु, भूजेल, दमै, कामी |

| | | | | |
|---|---|---|---|---|
| (४. सुविधा वन्चीत समूह (Disadvantaged Group) | | (१) चेपाङ, (२) थामी, (३) माझी, (४) बोटे, (५) जिरेल, (६) लार्के (नुप्रिवा), (७) सियार (चुम्वा), (८) ताङवे, (९) वालुङ, (१०) तोप्केगोला, (११) थुदाम, (१२) ल्होमी (सिङसावा), (१३) डोल्पो, (१४) भोटे, (१५) ल्होपा, (१६) मुगाली, (१७) ह्योल्मो, (१८) लिम्बू, (१९) याक्खा, (२०) राई, (२१) सुनुवार, (२२) ***तामाङ***, (२३) पहरी, (२४) फ्री, (२५) बरामो, (२६) भुजेल, (२७) दुरा, (२८) छन्त्याल, (२९) मगर, (३०) दराई, (३१) दनुवार, (३२) कुमाल, (३३) सन्थाल, (३४) राजवंशी, (३५) ताजपुरिया, (३६) धिमाल (३७) गनगाईं, (३८) झाँगड, (३९) थारू, (४०) धानुक (राजवंशी), (४१) छैरोतन (४२) तीन गाउँले थकाली, (४३) बाह्र गाउँले, (४४) ब्याँसी, (४५) गुरुङ, (४६) मार्फाली थकाली, (४७) शेर्पा | गुरुङ, मगर, राई, लिम्वु, छैरोतन, ताङ्वे, तिनगाउने थकाली, बारागाउँले, मार्फाली, थकाली, शेर्पा, याक्का, छन्त्याल, जिरेल, व्यासी, योल्मो । | ६०-८०) थकाली, गुरुङ, पंजावी (शिख) |

विभागद्धारा तयार पार्न लगाइएको प्रतिवेदनले आदिवासी जनजातिलाई विकासकादष्टिकोणबाट वर्गिकरण गरेका छन् । सबिअकेले ३ श्रेणी - संकटापन्न, सुविधा वन्चित र अग्रवर्ती, नेजमले संकटापन्न, अति सिमान्तकृत, सिमान्तकृत, सुविधा वन्चित र अग्रवर्ती गरी ५ श्रेणी र जिएसइएले १०-२०, २०-४०, ४०-६०, ६०-८० र ८०-१०० को पाँच समूहमा बाडेका छन् । पछिल्लो २ वर्गिकरणअनुसार तामाङहरुलाई तेस्रो श्रेणीमा राखेका छन्। उक्त अध्ययनबाट के बुझिन्छ भने तामाङहरु दोस्रो समूह (२०-४०) भन्दा केही मात्र अगाडि तर तेस्रो समूहमा परेका अन्य समूहको तुलना धेरै पछाडि देखिन्छ । तिनै वर्गीकरणलाई निम्न चार्ट न.१ मा तुलनात्मकरुपमा प्रस्तुत गरिएको छ ।

उक्त तथ्याङकहरुबाट नेपालको सरदर विकास सूचाङ्क तथा बाहुन क्षत्री र नेवारको विकास सूचाङ्कसंग तामाङको विकास सूचाङ्कको तुलना गर्दा तामाङ जाति ३ देखि ६ गुणासम्म पछाडि परेका छन् । यो अन्तरले समाजको भिन्नतालाई हेर्ने सिद्धान्त र व्यवहारमा समेत गलत दृष्टिकोण बन्दछ । जव एउटा समाज आर्थिकरुपमा आधिपत्य जमाउनु सफल हुन्छ, यस्का सदस्यहरुले अन्य समुदायभन्दा आफूलाई चाहे धार्मिक, जातीय, वंशज, साँस्कृतिक वा संस्थागतरुपमा नै उच्च र सभ्य ठान्दछन् र त्यो समय वा भौगोलिक कारणले होइन राष्ट्रिय जीवनको हरक्षेत्रमा प्रतिविम्वित गर्दछन् । तामाङहरु संख्याले ५औं (पाँचौं) ठूलो जाति विभिन्न जात तथा जनजातिहरुको विकासको कममा २० औं स्थानमा छन् (हेर्नुहोस तलको ग्राफ) ।यस्तो शक्ति र आर्थिक अवस्थामा भएको असमानताले नेपालमा नयाँ किसिमको जातीय तथा साँस्कृतिक भेदभाव (जातिवाद / बाहुनवाद) फैलायो र त्यस्ता असमानताहरुको औचित्य प्रमाणित गर्न धर्म र दैवी उत्पत्तिको सहारा लिइयो । गोर्खा साम्राज्यमा विष्णुको

अवतार भनिने नेपालको शाह राजतन्त्र त्यसैको उपज सिद्धान्त हो । यस्ता सिद्धान्तहरुले अन्य जातिहरुमाथिको औपनिवेशिक शासन, सामाजिक दमन र क्रुर किसिमको भूमिहरण तथा आर्थिक शोषण, कतिपय अवस्थामा सतीप्रथा र दासव्यवस्था आदिलाई न्यायिक वनाउने दुच्चेष्ठा गर्दछ र गऱ्यो । तामाङहरु यसै सिद्धान्तका शिकार भएका हुन् ।

**ख) नेपालको राष्ट्रिय विकास सूचांकमा तामाङको स्थिति : तल दिएको तालिका**ले नेपालमा बसोबास गर्ने आदिवासी तामाङहरुको सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक, राजनितिक, न्यायिक, तामाङ महिला तथा बालबालिकाहरुको स्थिति र यस स्थितिमा परिवर्तन ल्याउन सरकार र जनजाति संघसंस्थाबाट भएका प्रयत्नहरुको यथार्थ चित्रण गर्दछ ।

**तालिका नं.२ : तथ्य र अङ्कमा तामाङ जाति**

| पक्ष | विवरण | नेपालको राष्ट्रीय औसत दर | तामाङको औसत दर | ठूलोबाट सानोतर्फ क्रम |
|---|---|---|---|---|
| १. जनसंख्या २००१ | → सवैजात<br>→ जनजाति | २२,७३६,९३४<br>(१००)<br>८,४५४,७८२<br>(३७.२) | १,२८२,३०४<br>(५.६)<br>१,२८२,३०४<br>(१५.७१) | पाँचौ ठूलो<br>तेस्रो ठूलो |
| २. धर्म २००१ | → कुल बौद्ध<br>→ इसाई<br>→ जैन | २,४४२,५२०<br>(१०.७)<br>१०१,९७८<br>४,१०८ | १,१५७,४६१<br>(४७.४)<br>२४,२३५<br>(२३.७०)<br>१०१ | प्रथम ठूलो<br>प्रथम ठूलो |
| ३. भाषा २००१ | → कुल भाषा<br>→ भोट बर्मेली परिवार<br>→ तामाङ संख्या | २२,७३६,९३४<br>(१००)<br>४,१८३,९९५<br>(१८.४)<br>१,२८२,३०४<br>(१००) | १,१७९,१४५<br>(५.२)<br>१,१७९,१४५<br>(२८.१८)<br>१,१७९,१४५<br>(९२.००) | चौथो ठूलो<br>प्रथम ठूलो |
| ४. स्वास्थ्य १९९६ | →सरदर आयू<br>→ शिशु मृत्युदर<br>→ बाल मृत्युदर<br>→ विवाह योग्य उमेर | ६०.५ वर्ष<br>७९<br>१६.५ | ५२.२ वर्ष<br>१४१.२ प्रतिजार<br>९८.० प्रतिहजार<br>१७.५ वर्ष | |
| ५. शिक्षा १९९१, | → साक्षरता<br>→ प्रा.र मा.वि. शिक्षा<br>→ प्रमाण पत्र तह<br>→ स्नातक तथा माथि<br>→प्राविधिक शिक्षा (इन्जीनियारिङ) | ३९%<br>२५%<br>३.५%<br>३४% | २७.८%<br>१७.३%<br>०.७%<br>०.७%<br>०.२८% | |
| ६. छात्रवृत्ति | →शिक्षा मन्त्रालयको विदेशी छात्रवृत्ति<br>→त्रिविविको प्राध्यापक पिएच.डी वृत्तिविकास<br>→ चिकित्साशास्त्र छात्रवृत्ति | १००%<br>१००%<br>१००% | ०.०%<br>०.०%<br>०.०% | |
| ७. राजनीति १९९९ | → राजनैतिक दलको के.स.<br>→ राष्ट्रिय सभा<br>→ प्रतिनिधि सभा<br>→ मन्त्री परिषद | १६५<br>(१००)<br>(१००)<br>(१००)<br>(१००) | ३<br>(१.८)<br>०<br>(०)<br>२ (०.९) | |
| ८. गरिवी २००४ | →गरिवीको रेखा<br>→ गरिवीको खाडल | ३१%<br>१००% | ६१%<br>२००% | |
| ९. न्यायपालिका | →सर्वोच्च अदालत<br>→पुनरावेदन अदालत<br>→जिल्ला अदलत | २०<br>(१००)<br>९४<br>(१००)<br>१३४<br>१०० | ०<br>(०)<br>०<br>(०)<br>(१००)<br>(०.७) | अन्तिम |

| | | | | |
|---|---|---|---|---|
| १०. तामाङ महिला | → संसद: | | | |
| | (क) राष्ट्रिय सभा | (१००) | ०(०) | |
| | (ख) प्रतिनीधि सभा | (१००) | ०(०) | |
| | → कर्मचारी तन्त्र: | | | |
| | (क) राजपत्राङ्कित | | | |
| | - विशिष्ट श्रेणी | १(१००) | ०(०) | |
| | - प्रथम श्रेणी | १४(१००) | ०(०) | |
| | - द्वितीय श्रेणी | ६०(१००) | ०(०) | |
| | (ग) राजपत्र अनङ्कित | ७,५१२ (१००) | १००(१.२) | |
| | → बेचिइएका महिला | ८५(१००) | २४(२८.२३) | |
| | → कृषि पेशा | | ९६.४% | |
| | → गाउँस्तर राजनीति | | ६% | |
| | → न्यायपालिका | २४४ (१००) | ० % | |
| ११. | → सडक बालबालिका | १०० (१००) | २५ (२५) | |
| | → घरेलु कामदार | ३७८ (१००) | १२.७ | |
| | → कार्पेट मजदुर | (१००) | ४९.५ | |
| | → भुत्रा बटुल्ने | ३०० (१००) | १३ | |
| | → जोखिममा परेका | | | |
| | → काठमाडौं | ११९३ (१००) | १४८ (१२.४१ | |
| | → धरान | १७७ (१००) | १६ (९.०४) | |
| १२. | रा.ज.वि.स./प्र. बाट तामाङको विकासको लागि लगानी, २०६१/०६२ | २,१७,००,००० (१००) | १००,००,००० (०.२०) | |
| १३. | ने.ज.म.जनजाति सशक्तिकरण परियोजना (सेप्टेम्बर २००४–२२ मे २००६) | ९,२४,७२,८७१.४३ (१००) | १४५,००,०० (०.१५%) | |

अहिले विश्व एकाइसौं शताब्दीमा प्रवेश गरेको छ र एकाइसौं शताब्दीको विश्वको परिकल्पना, उद्देश्य र विकास लक्ष्य वनाइरहेछन्। यो एकाइसौं शताब्दीको विश्वमा हामी तामाङहरु कहाँ छौं ? हामी के गर्दैछौं ? नेपालमा तामाङहरु कुलजनसंख्याको ५.६ प्रतिशत अर्थात् तामाङ जाति ५ औं ठूला जाति हुन्। राज्यले मान्यता दिएको ५९ वटा आदिवासी जनजातिमध्ये तामाङले जनजाति जनसंख्यामा १५.७१ प्रतिशत स्थान अर्थात तेस्रो ठूलो स्थान ओगटेको छ। त्यस्तै, तामाङहरु कुल वौद्ध जनसंख्याको ४८.६२ प्रतिशत छन् र पहिलो ठूलो बौद्ध समुदाय हुने गर्व राख्दछन्। भाषाका दृष्टिले तामाङ भाषा नेपाल कै ९३ वटा भाषासमुदायमध्ये चौथो ठूलो र चिनीया-भोट-बर्मेली भाषा परिवारमा पहिलो ठूलो समुदाय हो।

तर नेपाल कै तामाङ जत्रै जनसंख्या भएको अर्को जनजाति समुदाय नेवारको शिसु मृत्यु दर प्रतिहजार ६९ जना तथा वाल मृत्यु दर ५२.५ जना र आयू दर ६३.२ वर्ष रहेको छ भने तामाङको शिसु मृत्यु दर प्रतिहजार १४२ जना तथा बाल मृत्यु दर ९८ जना र आयू दर ५२.२ वर्ष छ जुन नेवार र बाहुन क्षेत्रीको तुलनामा प्रतिहजार ७५ जना र ४६ जनाले मृत्यु दर बढी रहेको छ। त्यस्तै, तामाङको सरदर आयू नेवार र बाहुन क्षेत्रीको तुलनामा १०.७ अर्थात् करिब ११ बर्षले कम छ। यही हालत तामाङको आर्थिक स्थितिमा देखिन्छ। नेपालको कुल जनसंख्याको ३१ प्रतिशत मानिसहरु गरिवीको रेखामुनि छन्। अर्थात् अन्तर्राष्ट्रीय मापदण्ड अनुसार दिनमा एक डलरभन्दा कम कमाउनेहरु गरिवीको रेखामुनि पर्दछन्। त्यस समूहमा ६१ प्रतिशत तामाङहरु पर्दछन्। यसले अझै पनि तामाङहरु न्यून (कम) ज्याला पाउने शारीरिक श्रम तथा अदक्ष (Black Colour work) काम गर्दछन् भन्ने बुझाउँछ। यो मानेमा तामाङको स्थिति दलितकोभन्दा पनि निम्न किसिमको देखिन्छ।

अहिले पनि ३४.४० प्रतिशत तामाङहरु मात्र लेख्न जान्दछन् र ६५.६० प्रतिशत तामाङहरु अझै लेख्न सक्तैनन्। ३८.१० प्रतिशत स्कूल जाने उमेरका तामाङ

बालबालिकाहरु विद्यालय जादैनन् । स्कूल गएकामध्ये १७.३ प्रतिशतले माध्यमिक शिक्षा उत्तीर्ण गर्दछन् । प्रभाणपत्र तह ०.७ प्रतिशत र स्नातक तथा त्यस भन्दामाथि ०.७ प्रतिशतले मात्र उतीर्ण गरेका छन् । आर्थिक स्थिति कमजोर भएपछि शिक्षा हासिल गर्न सक्तैनन् । यो शैक्षिक स्थिति तामाङ जातिको स्वास्थ्य र आर्थिक स्थितिसंग प्रत्यक्षरुपमा जोडिएको छ । आर्थिक गरिबी भएपछि शैक्षिक, स्वास्थ्य, राजनीतिक, सामाजिक स्थिति गरिब हुन्छ । यसलाई "गरिबीको चक्र " भन्न सकिन्छ । तर यस्तो स्थिति हुनु र प्रवृत्ति देखिनु तामाङ जातिको विकासका लागि आशाप्रद संकेत होइन । तामाङहरु राष्ट्रिय विकासको कुनै पनि सूचाङ्कहरुमा राष्ट्रिय औषतको वरावरीमा पुगेको देखिदैन । तामाङहरुले विकासको भऱ्याङको पहिलो खुडकिलोमा समेत पाइला राखेको मान्न सकिने अवस्था छैन । निष्कर्षमा के भन्न सकिन्छ भने राणाशासन हटेर नियोजित विकास थालेको ५ दशकको सरकारी विकासले पनि तामाङ जातिलाई सीमान्तकरण नै गऱ्यो र उपेक्षा नै गऱ्यो । इतिहासमा के प्रमाणित भएको छ भने आर्थिक स्थिति राम्रो हुनेले राजनितिमा नियन्त्रण गर्दछन् र कमजोर आर्थिक स्थिति भएकाहरु भन्दा भिन्न वर्ग बनाउँछन् । अत : कमजोर वर्ग राज्यको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक संरचनाबाट वहिष्कृत हुन्छन् । यही कुरा तामाङ जातिमा लागू हुन्छ । आजसम्म तामाङहरु सामूहिक रुपमा आफूलाई प्रभावित पार्ने निति निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियाको सहभागिताबाट बन्चित हुँदै आएका छन् । त्यसैले तामाङहरु संख्यामा ठूलो समुदाय भएपनि राज्य र राष्ट्रिय जीवनमा कहिँ र कतै उपस्थिति नदेखिएको हो । नीति निर्माण गर्ने संसद, कार्यान्वयन गर्ने मन्त्री परिषद र न्याय दिने सर्वोच्च अदालतमा तामाङको उपस्थिति लगभग नदेखिनु त्यस्को प्रतिविम्व हो । जो पुगेका छन् ती तामाङको एजेण्डा बोकेर पुगेका छैनन् ।

## ३.० प्रजातन्त्र र विकास :

**३.१ संसदीय प्रजातन्त्रको पुनस्थापना :** सन् १९९० को जन आन्दोलनले पंचायती निरंकुश व्यवस्थालाई उल्टायो र त्यसको ठाउँमा बहुदलीय प्रजातन्त्र पुनः स्थापना गऱ्यो । यो परिवर्तनलाई व्यवस्थित गर्न र कानूनी आधार दिन ९ नोभेम्बर १९९० (कार्तिक २३) का दिन नेपाल अधिराज्यको संविधान २०४७ घोषणा भयो । यसले उरासजातन्त्रको कुरा गरेपनि तामाङ जाति, तामाङ भाषा, तामाङ धर्म, तामाङ जातिको राजनीतिक सशक्तिकरण, सामाजिक-आर्थिक उन्नतिका लागि कुनै प्रवाह गरेन बरू बढीमतीय चुनाव प्रणाली अपनाएर २३८ वर्षेदेखि राज्य सत्तामा हाली मुहाली चलाउँदै आएको एकल जाति अधिनायकवादलाई निरन्तरता दियो ।

**३.२ नेपालमा नियोनित विकास :** नेपालमा सर्वप्रथम सन् १९५६ मा प्रथम पञ्चबर्षिय योजना (१९५६-१९६०) लागु गरियो । प्रथम योजना शुरु भएपछि त्यसको रस चुहिएर (त्चष्अपभि म्यधल) तलपरेका समुदायहरुमा पुग्दछ र विपन्न वर्गहरुसमेत लाभान्वित हुन्छ भन्ने मान्यताका आधारमा एकपछि अर्को योजना बनाउने र लागु गर्ने गरियो । अहिले सम्ममा नेपालले ९ वटा विकास योजना पूरा गरी दशौं योजना सँचालन गरिरहेछ । **नवौं र दशौं योजना :** नेपालको नियोजित विकासको इतिहासमा पहिलो पल्ट नवौं योजनामा आदिवासी जनजातिको लागि छुट्टै विकास कार्यक्रम आयो । उदेश्यको चार बुँदामा आर्थिक, सामाजिक विकास गरी सामाजिक असंन्तुलन निर्मूल गर्ने, सांस्कृतिक स्तर उकास्ने, सामुदायिक सशक्तिकरण गर्ने र जनजातिको ज्ञान र सीपको प्रवर्धन र आधुनिकरण गर्ने भन्ने रहेको थियो । नीति र कार्यक्रम लगभग समान् किसिमका राखिएका छन् र १९ वटा प्रस्तावित कार्यक्रमहरु तीन उपशीर्षक- १) संस्थागत व्यवस्था, २) मानव संसाधन र ३) आर्थिक तथा सामाजिक विकासमा प्रस्तुत छन् । राष्ट्रिय तह तथा जिल्ला तहमा "आदिवासी तथा जनजाति परिषद्" गठन गर्ने लक्ष्य रहेको थियो । यसको एउटा छुट्टै कोष स्थापना हुने र परिषद्को निर्णयमा जनजाति विकासका लागि कोषबाट खर्च गरिने व्यवस्था थियो । दशौं योजनामा पनि "आदिवासी जनजाति "का लागि छूट्टै उद्देश्य, ४ रणनीती, ४ नीति तथा कार्यनीति र ४ मुख्य कार्यक्रमहरु तोकिएका छन् । उद्धेश्य, नीति तथा कार्यनीति (१) सर्वाङ्गीण विकास र समतामूलक समाज, (२) सांस्कृतिक संम्पदाको संरक्षण, (३) परम्परागत सीप र विशिष्टीकरण, र (४) मूलप्रवाहीकरण भन्ने उल्लेख छ । कार्यक्रममा (१) संस्थागत प्रवंन्ध, (२) भाषा तथा संस्कृति विकास, (३) मानव संसाधनको विकास र (४) सामाजिक तथा आर्थिक विकास अन्तर्गत विभिन्न गतिविधिहरु छन् । यी कार्यक्रमहरु संचालन गर्न १६

करोड लगानी गर्ने अनुमान गरिएको छ। जसमध्ये ५ करोड "गरिवी विकास कोष" र ११ करोड स्थानीय जिल्ला विकास समितिहरुलाई उपलब्ध उराइएको अनुदानबाट हुनेछ । यो दशौं योजनाको जनजाति विकासको कार्यक्रममा "राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान" लाई सुदृढ गर्ने कार्यक्रम छ। दशौं योजनाको (१) उच्च, दीगो तथा वृहत आर्थिक वृद्धि, (२) सामाजिक क्षेत्र तथा ग्रामीण पूर्वाधार विकास, (३) लक्षित कार्यक्रम, र (४) सुशासनलाई मुख्य रणनीति बनाएको छ र लक्षित कार्यक्रमअन्तर्गत दलित, महिला र आदिवासी जनजाति संबन्धी विकास कामकमहरु पर्दछन्।

**३.३ सहस्राब्दी विकास लक्ष्य :** सन् २००० मा संयुक्त राष्ट्र सँघको तत्वावधानमा विश्वका १८५ देशका राज्यप्रमुख तथा सरकार प्रमुखहरुले "सहस्राब्दी घोषणापत्र" मार्फत विश्वमा विकास, न्याय र शान्ति स्थापना गर्ने प्रतिवद्धता ब्यक्त गरे। त्यस घोषणापत्र र त्यस भन्दा पूर्व संयुक्त राष्ट्र संघका तत्वावधानमा भएका सम्मेलन र सन्धीहरुद्धारा पारित गरिएका नीति र कार्यक्रमलाई ठोस रुपमा लागू गर्ने उदेश्यले सहस्राब्दी विकास लक्ष्यका रुपमा विश्वबाट गरिवी र निरक्षरता उन्मूलन गर्ने, शिसु तथा वाल मृत्युदर घटाउने, लैङ्गीक विभेद समाप्त पर्ने, एडस एच आइभी, एडस् र औलो रोग नियन्त्रण, बातावरणको दीगो सँरक्षण गर्ने र उत्तर-दक्षिणका देशहरुवीच सहयोग बढाउने जस्ता ८ वटा लक्ष्य निर्धारण गरे। सोही अनुसार नेपालले फेरी विश्व बैंकको सहयोगमा "गरिवी घटाउ रणनीति पत्र" (Poverty reduction strategy paper) जो दशौं योजना कै रुपमा रहेको छ, तयार गरेका छन् जस्को दुइवटा राष्ट्रिय प्रतिवेदन सन् २००२ र सन् २००५ सार्वजनिक भएका छन्। यसरी यी बेलाबेलामा सर्वचर्चित विकास नमूनाहरु नेपालमा आयात भएका छन्। यस वीचमा आन्तरिक राजस्वका क्षेत्रमा वृद्धि भएका छन् र अन्तर्राष्ट्रिय सहयोगमा पनि वृद्धि भएका छन् तर यो नियोजित विकासको ५० बर्षमा समष्टीगत स्तरमा समेत नेपालले खासै प्रगति गरेको छैन।

**३.४ गरिवी घटाउ रणनीतिपत्र :** श्री ५ को सरकारले विश्व बैंक सहयोगमा गरिवी घटाउ रणनीति पंत्र तयार गरेको हो (हेर्नुहोस; दशौं योजना : गरिबी घटाउ रणनीति पत्र सन् २००२-२००७)। उक्त रणनीति पत्रले नेपालमा गरिवीको आघात अधिक्तम छ मात्र भनेको होइन गरिबी र असमानताको क्षेत्रीय, लैङ्गीक, जातीय,र जात आयामहरु पनि छन् । रणनीति पत्रले दीगो आर्थिक विकासलाई आफ्नो मुख्य लक्ष्य बनाएको छ र त्यसमा ग्रामीण क्षेत्रमा रोजगारी र आय स्तर बढाउने कार्यमा ध्यान दिने वताएको छ । यसले परम्परागत रुपमा सीमान्तकृत समुदायहरुको सामाजिक समावेशीकरणलाई प्रर्वधन गर्ने र गुणस्तरीय शिक्षामा पहुँच, शिक्षा तालिम र मातृभाषामा शिक्षा दिने प्रतिज्ञा गरेको छ । साथै जनजातिहरुलाई शिक्षा , स्वास्थ्य, सार्वजनिक सेवा रोजगार तथा राजनीतिमा समेत सकारात्मक भेदको उपायहरु अवलम्वन गर्ने भन्ने छ। यसले पहिले पहिलेका योजनामा भन्दा फरक रुपमा गरिवी घटाउ अनुगमन गर्ने पद्धतिको व्यवस्था गरेको छ । उक्त रणनीति पत्रको तेस्रो उद्धेश्य सामाजिक समावेशीकरण के गऱ्यो भने प्राप्त हुन्छ भन्ने विषयमा आदिवासी जनजातिसम्वन्धी सूचाङ्क (Indicators) भने निर्धारण गरेको छैन । साथै, यो उद्धेश्य अन्तर्गतका कार्यक्रमहरु योजनाका उद्धेश्यहरुसंग तादाम्यता राख्दछन् त्यो अर्न्तसम्वन्ध समेत वताइएको छैन । अनि प्रमुख तथा ज्यादै महत्वपूर्ण कुरा यो रणनीति पत्र तयार गर्दा आदिवासी जनजातिहरुसंग परामर्श र उनीहरुको सहभागिता गराएको देखिदैन ।

**४.० तामाङ जातिको २० वर्षे विकाससम्वन्धी अवधारणा :**

आज राणाशासनको अन्त्य भएको ५६ वर्ष भैसकेको छ। नेपालमा नियोजित विकास शरूभएको पनि ५० वर्ष पुगेको छ । तर राजधानीकै वरिपरि बसोबास गर्ने तामाङहरु राज्यको विकासको फल उपभोग गर्नबाट विल्कुल बन्चित छन् । यो अवस्था एकाइसौ शताब्दीमा हिड्ने पश्चिमी यूरोपको देशहरुसंग होइन, आफ्नै छिमेकी समुदायका तुलनामा पनि तामाङहरु पुग्नसकेका छैनन् । बिकासको दृष्टिले यो निश्चल अवस्था हो। विकासका खुड्किलाहरु नटेकेको अवस्था हो। विकासको दृष्टिले यसलाई कसरी गतिमान बनाउने ताकि तामाङ समाजले अर्थात् गरिबीको दुष्चक्र तोडेर विकासका खुड्किलामा पाइला सार्न र छिमेकी समुदायका गतिलाई भेट्टाउदै भूमण्डलीकरणका चुनौतीहरु सामना गर्न सक्षम् हुन्छन् । यो नै अहिले रणनीतिको विषय हुनुपर्छ । तामाङ जातिको निश्चल अवस्थालाई गतिदिन एक शक्तिशाली धक्का सृजना गर्न आवश्यक छ । त्यसका लागी एक दीर्घकालीन शोच र योजना बन्नु पर्दछ। यसले तामाङ समुदायको

लागि तामाङ समुदायद्वारा तामाङ समुदायको साझेदारीमा अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्वारा पारित "काठमाडौ घोषणा-पत्र" र २० वर्षे विकास योजनालाई "अधिकारवादी दृष्टिकोण"का आधारमा कार्यान्वयन गर्नेछन् । यो तामाङ जातिको विकाससम्वन्धी विश्व रणनितिक अवधारणा हो । यसलाई विभिन्न मुलुकका तामाङ संस्थाहरुले आ-आफनो राष्ट्रिय परिवेश र क्षमताअनुसार कार्य योजना बनाईलागूगर्न सक्तछन् ।

**४.१ दीर्घकालीन सोच वा परिकल्पना** : तामाङहरु राज्यमूलप्रवाहको सम-न्यायिक साझेदार र स्वशासित जाति हुन्छन् ।

उक्त उपलब्धी हासील गर्दा तामाङहरुलाई विकासको निम्न बमोजिमको गुणात्मक सूचकहरु प्राप्त हुनेछन् । यस परिसूचकलाई तामाङहरुको भविष्यको सपना भन्न सकिन्छ ।

→ तामाङ जातिको राज्यसंन्चालनमा दृश्यमान भूमिका।
→ तामाङ जातिको भाषा, धर्म, संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र विकास ।
→ तामाङ जातिको सामाजिक तथा आर्थिक संमृद्धि ।
→ तामाङ जातिको मानव संशाधनमा अभिवृद्धि ( स्वास्थ्य, शिक्षा आदिमा राष्ट्रिय औषत भन्दा माथि)।
→ तामाङ महिला र वालवालिकाको नागरिक, राजनैतिक, आर्थिक, सांस्कृतिक र सामाजिक, शैक्षिक आदि मूलप्रवाहमा आनुपातिक रुपमा दृश्यमान समावेशीकरण ।
→ तामाङ जातिको व्यक्तिगत तथा सामूहिक रुपमा प्राकृतिक तथा स्रोतसाधन र आदिवासी ज्ञान, सीप, अन्वेषण र व्यवहार माथि पहुँच, नियन्त्रण र स्वामित्व ।
→ तामाङ जाति अन्तर्राष्ट्रिय कानून र मान्यता अनुरुप समान, स्वतन्त्र र भेदभावहिन रुपमा मानव तथा नागरिक अधिकार र आदिवासी अधिकारद्धारा सम्पन्न ।
→ तामाङ क्षेत्रमा वातावरणको संरक्षण र विकास ।
→ साम्प्रदायिक सद्भाव, सहयोग र साझेदारीमा अभिवृद्धि ।
→ तामाङ जातिको प्रतिष्ठा, पहिचानको सम्मान र संस्थागत विकास ।
→ विभिन्न मुलुकहरुमा बसोवास गरेका तामाङहरुवीच साँस्कृतिक, सामाजिक, आर्थिक, भौतिक तथा अभौतिक सहयोगको अभिवृद्धि ।
→ "समानता, स्वतन्त्रता र सहअस्तित्व" को सिद्धान्त अनुरुप समावेशी राज्य संयन्त्र ।

### ४.२ सिद्धान्त र मान्यताहरु:

**(१) प्रतिष्ठा र पहिचान :** विश्व मानव अधिकारका घोषणापत्र र सन्धीहरुले मानिसहरु जन्मबाटै स्वतन्त्र र समान हून्छन् र उनीहरुको प्रतिष्ठापूर्व जिवन जीउनु पाउने मानव अधिकार हो । तामाङहरु उक्त सत्यतामा विश्वास गर्दछन् । त्यसैले ऐतिहासिक रुपमा भएको सामन्ती अपिनिवेशिक शासन, सामाजिक-साँस्कृतिक दमन र आर्थिक शोषणवाट दमित र धूमिल हुनुपुगेका तमाङ जातिको पहिचान र प्रतिष्ठालाई उठाउनु नै तामाङ जातिको विकासको पहिलो खुडकिलो हो । तामाङहरुलाई आ- आफ्नो जातिको पहिचान, संस्कृति, भाषा र धर्म अपनाई व्यक्तिगत तथा सामूहिक रुपमा स्वतन्त्रता, शान्ति र सुरक्षापूर्वक वसोवास गर्ने अधिकार छ । तसर्थ तामाङ समुदायहरुका बीचको सामाजिक साँस्कृतिक जीवनलाई जीवन्त बनाउन सहयोग गर्नु सम्वन्धित देशका सरकार एवं राज्यको कर्तव्य हुन्छ ।

**(२) स्वतन्त्रता र समानता** : अन्याय, अत्याचार र भेदभाववाट स्वतन्त्रता र मानव मानववीचमा समानता विना आधुनिक मानव समाजको सम्मान, प्रतिष्ठा र निरन्तरता हुनै सक्तैन । आर्थिक गरिवी, खराव स्वास्थ्य स्थिति र असुरक्षाले तामाङ जातिले मुलुक निर्माणमा जति योगदान गर्नुपर्ने त्यो हुन सक्तैन । त्यस्का लागि हाम्रो आफ्नै प्रयत्न र राज्यको लगानी र जिम्मेवारी प्रगतिशील रुपमा बृद्धि हुनुपर्दछ ।

**(३) दीगो सर्वाङ्गीण विकास :** तामाङ जातिको विश्वदृष्टिकोण र धार्मिक विश्वास अनुसार आर्थिक तथा मानव विकास मात्र होइन राजकीय संचालनमा सहभागिता र साँस्कृतिक - आध्यान्मिक (Spiritual) विकास पनि तामाङ जातिको विकासका आधार हुन् । यसलाई सर्वाङ्गीण विकास ( Holistic Development) भन्न सकिन्छ । हामी तामाङहरु सर्वाङ्गीण विकासका पक्षमा छौं । हामीलाइ सहयोग गर्ने आधार सर्वाङ्गीण र दीगो विकासको दृष्ट्रिकोण र व्यवहार हुनुपर्दछ ।

**(४) प्रकृति र वातावरणको संरक्षण :** तामाङ किम्वन्दन्तीअनुसार जुन दिनदेखि तामाङ र देवताहरु

सामाजिक रुपमा एक ठाउँ बस्न छोडे त्यस दिनदेखि पृथ्वी माताको संरक्षण गर्ने जिम्मा हाम्रो हो र त्यसैले आफ्नो माटो र प्रकृतिको संरक्षण हाम्रो अधिकार र कर्तव्य हो। तर अहिले विश्व गर्माउने, अतिउपभोक्तावाद र भूमण्डलीकरणका कारण हाम्रो माटो (थलो), बातावरण, जंगल, जल विनाशको बाटोमा हिडिरहेछ । त्यसलाई रोक्ने र संरक्षण तथा दीगो विकासको दिशामा लगाउनु हाम्रो कर्तव्य हुनुपर्छ ।

**(५) नितिनिर्माणमा समन्यायिक सहभागिता :** तामाङ समाज अहिले पनि ऐतिहासिक विभेद र अन्यायका कारण एकदमै नाजूक र निरीह (Vulnerable and Fragile) स्थितिमा रहेको छ। त्यस्तो स्थितिबाट छुटकारा र राजनैतिक रुपमा सशक्तिकरण मानव अधिकार र लोकतान्त्रिक वातावरणवाट मात्र संभव छ। रोग, भोक, डर-त्रासबाट स्वतन्त्रता राज्यसत्तामा हुने सहभागिताले मात्र सुनिश्चित गर्न सक्तछ। राज्यको निति निर्माणमा सहभागिता हाम्रो विकासका न्यून्तम् अवश्यकता हुन् । तामाङ जातिको आत्मा निर्णय र जातीय स्वायत्तशासनको सम्मान हाम्रो राजनैतिक सहभागिता सुनिश्चित गर्ने माध्यम हुन् । यसका सुनिश्चितताका लागि राज्यको अहं भूमिका रहन्छ । अर्न्तराष्ट्रिय कानूनको मापदण्ड अनुसार तामाङ जातिप्रति व्यवहार र सम्मान हुनुपर्छ।

**(६) महिला र वालवालिकाको हक, हित :** ख्गाीलभचवदभि तामाङ जातिमा साँस्कृतिक रुपमा महिलाको स्थिति राम्रो भएपनि सवै प्रकारले तामाङ महिला र वालवालिकाको स्थिति नाजुक रहेको छ । सामाजिक न्याय र अन्तर्राष्ट्रिय रुपमा स्वीकृत महिलाविरुद्ध सबै प्रकारको भेदभावको अन्य र वाल अधिकार महासंन्धीको मान्यता र मूल्य अनुरुप तामाङ महिला र वालवालिकाको हक, हितको प्रवर्धनमा जोड दिनुपर्दछ।

**(७) काम र मानमा सहयोग र साझेदारी :** कुनै पनि मुलुक त्यस मुलुक भित्र बसोबास गर्ने एउटा मात्र समुदाय पनि पछाडि छ भने त्यो मुलुकलाई विकसित मुलुक भन्न सकिन्न। सभ्य मुलुकका लागि सवै समुदायको न्यायोचित र समान विकास आवश्यक शर्तहुन् । अहिले विश्व नै अन्तनिर्भर, अर्न्तसम्बन्धीत र अविभाज्य बन्दै गइरहेको छ । अहिले संसारभरिका राष्ट्रप्रमुख तथा राज्यप्रमुखहरुले सहस्राब्दी घोषणा पत्र र सहस्राब्दी विकास लक्ष्य निश्चित गरी त्यसलाई आ-आफ्नो मुलुकमा लागू गर्ने र विकसित देशहरु र अन्तर्राष्ट्रिय समुदायले सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेको स्थिति छ। तामाङ जस्ता समूदायहरुले सहस्राब्दी विकास लक्ष्यबाट फाइदा पाएनन् भने त्यो अन्तर्राष्टिय घोषणा र लक्ष्य कुनै पनि हालतमा पूरा हुन सक्तैन। तसर्थ तामाङहरुले आफ्नो विकासका लक्ष्यहरु पूरा गर्न छिमेकी समुदाय, राज्य र अन्तर्राष्ट्रिय समुदायहरुसंग सहयोग र साझेदारीमा सहकार्य गर्नु आवश्यक छ।

४.३ **लक्ष्य र निशाना** :

लक्ष्य १ : **समन्यायिक राजनैतिक प्रतिनिधित्व र स्वायत्तशासन**

- → राष्ट्रिय सभालाई शक्तिसम्पन्न जातीय सभा बनाउने र प्रत्यक्ष जातीय प्रतिनिधित्वको व्यवस्था ।
- → प्रतिनिधि सभामा जातिय समानुपातिक प्रतिनिधित्व र स्वायत्त क्षेत्र नभएका अल्पसंख्यक समुदायलाई आरक्षण सहितको प्रतिनिधित्व ।
- → कार्यपालिका समानुपातिक प्रतिनिधित्व ।
- → न्यायपालिकामा निर्वाचित प्रतिनिधित्वको व्यवस्था ।
- → तामाङ जातीय स्वायत्त शासन ।

लक्ष्य २ : **जातिय, धार्मिक, भाषिक, सामाजिक समानताको उपभोग**

- → धर्म निरपेक्ष राज्य ।
- → राष्ट्र भाषा र राष्ट्रियभाषाको भेद हटाउने र तामाङ भाषालाई राज्यको सवै क्षेत्रमा कामकाजी भाषा बनाउने र भाषा विकासको राज्यको साधन प्रयोग गर्ने अधिकार ।
- → भाषा र लिपीको मानकीकरण र विकास गर्ने ।
- → जाति, भाषा, संस्कृति र जातिको नाममा रहेको कानूनी संवैधानिक प्रतिवन्ध हटाउने
- → ताम्वा, लामा, बोम्बो प्रवर्दन ऐतिहासिक स्थल, पुरातात्वीक बस्तुहरु, कलाकृति, साहित्यिक, मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण ।
- → ताम्सालिङ्ग प्रज्ञा प्रतिष्ठान स्थापना ।

लक्ष्य ३ : **तामाङजातिको सामाजिक सुरक्षा र आर्थिक विकास गर्ने**

- → भूमि, प्राकृतिक स्रोत-साधन माथिको पहुँच र स्वामित्व प्राप्त गर्ने ।
- → गरिवी (गरिवीको रेखामुनि) उन्मूलनका लागि

सांस्कृतिक पर्यटन र आदिवासी ज्ञानमा आधारित उद्योगधन्दाको विकास गरी स्वरोजगारी विकास गर्ने ।

→ सूचना र प्रविधिको तालिम संचालन गरी अनुपादकशक्तिलाई कियाशील र उत्पादनशील बनाउने ।
→ तामाङ विकास कोष वा बैंक स्थापना ।
→ गरिवी निवारण कोषलाई तामाङ परियोजना तर्फ परिचालन गर्ने ।
→ रोजगारीमा आरक्षण ।
→ ताम्सालिङ्ग क्षेत्रलाई पर्यटकीय मार्ग र उत्तर तथा दक्षिणको ब्यापारिक नाकासँग जोड्ने उपत्यका वाहिरको तामाङ राजमार्ग (चक्रपथ) बनाउने ।

**लक्ष्य ४ : शिक्षा विकास र स्वास्थ्य प्रवर्धन**

→ मातृभाषामा प्राथमिकदेखि विश्वविद्यालय शिक्षा ।
→ माध्यमिक शिक्षासम्म अनिवार्य र निशुल्क ।
→ तामाङ भाषा, लिपि र संस्कृतिमा सम्पूर्ण तामाङ साक्षर र प्रवीण बन्ने ।
→ परम्परागत औषधि विज्ञान र जडिबुटीजसता जैविक स्रोतको पहिचान, संरक्षण र विकास गर्ने र आयबृद्धिको लागी व्यावसायिकरण गर्ने ।
→ आमा तथा शिसु र बालबालिकाहरुको स्वास्थ्य स्थितिमा सुधार र प्रवर्धन ।

**लक्ष्य ५ : लैङगीक समानता र महिला सशक्तिकरण**

→ संसदमा महिला प्रतिनिधिको प्रतिशत बढाउने र त्यस्को ५०% जनजाति महिलालाई दिनुपर्छ। तामाङ स्वायत्तक्षेत्रमा तामाङ महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
→ राज्यको कार्यपालिका, न्यायपालिका र अन्यमा तामाङ महिलाको मूल प्रवाहिकरण गर्ने ।
→ तामाङ जातिमा चेलिबेटी वेचविखन, ओसारपसार र देह व्यापारको उन्मूलन गर्ने ।
→ शिक्षामा भएको महिला र पुरुषवीचको खाडल पुर्ने तथा सतप्रतिशत शिक्षित ।

**लक्ष्य ६ : स्वतन्त्र र पूर्व सुसूचित सहमति तथा वातावरणीय दीगो विकास**

→ तामाङ स्वायत्तक्षेत्रहरुमा स्थापित सामुदायिक वन, राष्ट्रिय निकुन्ज तथा आरक्षण क्षेत्रहरु तामाङको सामूहिक नियन्त्रणमा लिने र वन जंगल जैविक विविधताको संरक्षण गर्ने ।
→ परम्परागत ज्ञान शीप र प्रविधि र जडीवुटीहरुको संरक्षणलाई प्रवर्धन र व्यावसायिक गर्ने तथा वौद्धिक सम्पत्तिको सम्मान गराउने तर तामाङहरुको पवित्र चित्र, प्रतीक र बस्तु ब्यावसायिकरण गर्न नपाइने ।
→ तामाङ क्षेत्रको भुमि वनजंगल, विउविजन, नदि, नाला, खनिज र जलको तामाङहरुको सामूहिक पहुँच र नियन्त्रण ।
→ नविकरण हुने इन्धन-स्रोतको विकास, उत्पादन र वितरण गर्ने ।
→ तामाङ स्वायत्तक्षेत्रहरुमा तामाङहरुको स्वतन्त्र र पूर्व सुसूचित सहमति लिएर मात्र वनजंगल, विउविजन, नदि, नाला, खनिज र जलश्रोत आदिको विकास र निर्माण तथा पुरातात्वीक वस्तु उत्खनन् योजना संचालन हुनुपर्दछ ।

**लक्ष्य ७ : मानव संसाधन र संस्थागत विकास**

→ तामाङ जातिको परँपरागत तथा आधुनिक संघसंस्थालाई सुदृढीकरण गरी नेतृत्वदायी भूमिका खेल्न सक्षम र गतिशील वनाउन
→ अन्तराष्ट्रिय तामाङ परिषदलाई सुदृढ गर्ने
→ तामाङजातिको समग्र विकास र सशक्तिकरणका निम्ति जनचेतनामूलक कार्यक्रम, साधारण तथा प्राविधिक र उच्च शिक्षामासमेत आरक्षणमार्फत शिक्षामा पहुँच पठाउने ।
→ परम्परागत कानून र न्याय प्रणाली पुनःस्थापना ।

**लक्ष्य ८ : मानव अधिकार तथा आदिवासी हक, हितको प्रवर्धन**

→ तामाङहरुलाई आत्मनिर्णयको अधिकार छ ।
→ राज्यद्वारा आदिवासी अधिकार संम्वन्धी सन्धी, सम्फौता अनुमोदन र कायान्वियन गर्ने ।
→ अन्तर्राष्ट्रिय कानूनी मापदण्डअनुसार राज्यको असमान र भेदभावमूलक कानूनहरु परिवर्तन गर्ने ।
→ तामाङ जातिको परम्परागत कानूनको अनुवन्ध तयार गर्ने ।
→ राष्ट्रिय आदिवासी जनजाति आयोगको स्थापना गर्ने ।
→ राष्ट्रिय मानव अधिकार आयोगमा तामाङको सहभागिता सुनिश्चित गर्ने ।

**लक्ष्य ९ : लोकतन्त्र, स्वायत्तशासन र सुशासन**

→ जनतालाई सार्वमौमसत्तासम्पन्न बनाउने ।
→ जातिय समानुपातिक चुनाव प्रणालीका आधारमा लोकतान्त्रिक शासन प्रणाली ।

- मानव अधिकार र नागरिक हक तथा स्वतन्त्रताको अकुन्ठित प्रत्याभूति ।
- लोकतन्त्रलाई संस्थागत गर्दै लैजान जनताले संसदमा नीजि विधेयक प्रस्तुत गर्नसक्ने र तीन पटकसम्म अस्वीकृत भएमा र जनताले जरुरी ठानेमा चौथो पटकमा जनमतसंग्रह गरिनुपर्ने ।
- राष्ट्रिय महत्वका विषयमा जनमत संग्रहको व्यवस्था ।
- राजनैकि भ्रष्टाचार समाप्तीका लागि संसद सदस्यको प्रत्याह्वानको व्यवस्था ।
- जातीय स्वायत्तशासनमार्फत शासनसत्तामा सहभागिताको सुनिश्चितता ।
- अर्धसंघात्मक वा संघात्मक राज्यको निर्माण ।

**लक्ष्य १० : साझेदारी र सहयोगको अभिवृद्धि**

- तामाङ जातिले तोकेको विकासको प्राथमिक,क्षेत्रमा लगानी गर्ने उदेश्यले स्थापित तामाङ विकास कोष वा वैंकमा सरकार, द्विपक्षीयवहुपक्षीय दातृसंस्थाहरुको सहयोग जुटाउने ।
- तामाङ विकासको मुद्दामा काम गर्ने असल साझेदारको खोज र समन्वयात्मक कार्यान्वयन ( गैर सरकारी संस्था, सरकार, राष्ट्रिय योजना आयोग, जनजाति प्रतिष्ठान, गरिवी घटाउ रणनीतिपत्र, सहस्राब्दी विकास लक्ष्य, राष्ट्र संघीय एजेन्सीहरुलाई साझेदार वनाई काम गर्ने )।
- जनजाति जनजातिवीच तथा जातजाति र जनजातिवीचको सहयोगको नयाँ क्षेत्र खोज्ने र प्रर्वधन गर्ने ।
- राज्य संरचनामा बहुसाँस्कृतिकवाद स्थापना गरी साम्प्रदायिक सद्भावको अभिबृद्धि गर्ने ।

६.२.४ **तात्कालीन कार्यक्रमहरु** :

- तामाङ संस्थाहरुको एकीकरण तथा सुदृढीकरण र प्राविधिक एवं क्षमता अभिवृद्धि अनि जनपरिचालन।
- विकास कोष वा वैंकको स्थापना र तामाङ विकास परियोजनाहरुमा लगानी ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुलाई तामाङ जाति सम्बन्धी विकास निर्माणमा साझेदारी बनाउने ।
- विद्युतीय तथा छापाका संचार माध्यमहरुको अधिकतम् प्रयोग ।
- शान्ति स्थापना तथा द्वन्द प्रभावितलाई पुनःस्थापनामा सक्रिय सहभागिता ।
- सामाजिक-राजनैतिक परिचालनका लागि २५०० तामाङ नेता,महिला तथा यूवा कार्यकर्ताहरुको प्रशिक्षण र परिचालन ।

**५.० उपसंहार**

हामीले अरूले गरिदेला भनेर धेरै पर्खियौं तर हाम्रो विकास कहिल्यै भएन । अव "आफ्नो विकास आफै" भन्ने हाम्रो मूल नारा हुनुपर्दछ। हामी तामाङहरु जति देशहरुमा फैलिएका छौं हाम्रो सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक स्थितिमा त्यति नै विभिन्नताहरु छन् । केही हामीहरु लोकतान्त्रिक देशमा छौं, केही राजतन्त्रात्मक देशमा, केही साम्यवादी सत्ता र केही सैन्यसत्ताअर्न्तगत छौं। यस्तो स्थितिमा एउटै विकास योजना र कार्यक्रम सबै देशका तामाङहरुका लागि व्यवहारिक हुनसक्तैन । साथै, ठोस विकास योजना र कार्यक्रम निर्माणका लागि तामाङ जातिको जनसांख्यीक, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, भाषिक आदि स्थिति झल्काउने तथ्याङ्कको आवश्यकता पर्दछ। सबै देशहरुबाट त्यस्ता तामाङ जातिहरुको स्थिति बुझाउने तथ्याङ्कहरु उपलब्ध हुनसकेनन् । यस स्थितिमा तामाङहरुले आ-आफ्नो देशको परिस्थिति र आफ्नो समुदायको आत्मिक क्षमताअनुसार वीसवर्षे योजनाको अवधारणालाई वास्तविकतामा रूपान्तरण गर्नु आफ्नै किसिमको योजना र कार्यक्रम बनाउनु पर्दछ र ठोस योजना निर्माणका लागि आ-आफ्ना देश र क्षेत्रमा तामाङ जातिको समग्र स्थिति झल्काउने तथ्याङ्क संकलनका लागि क्रियाशील हुनु आवश्यक छ। हामी सबैको यस प्रकारको क्रियाशीलताबाट तामाङ समाजको रूपान्तरण र उज्यालो भविष्य सुनिश्चित हुन्छ भन्न सकिन्छ। अस्तु !

**सन्दर्भ सूची**

१) सुब्बा, चैतन्य र साथीहरु, ( सं.२०५९)," राष्ट्रिय विकासमा आदिवासी/जनजातिः मूल मुद्धा, ब्यवधान र अवसरहरु, (प्रतिवेदन), काठमाण्डौः सर्वाङ्गीण विकास अध्ययन केन्द्र ।

२) Bennett, Lynn (2005), Citizens Without Rights-Nepal Gender and social Exclusion Assessment , the World Bank/DFID

३) तामाङ, परशुराम (२०६३), **तामाङ जाति : नयाँ सहस्राब्दी विकास एजेण्डा, काठमाडौं ।**